नेपाल संस्कृत विश्वविद्यालयको ३७ औं स्थापना दिवसको अवसरमा दीर्घसेवा पदक वितरण तथा सेवा निवृत्त कर्मचारी सम्मान कार्यक्रम मिति २०८०।०८।२५ गते विश्वविद्यालयका उपकुलपति प्रा.डा. कुलप्रसाद लामिछानेज्यूको प्रमुख आथित्यतामा सम्पन्न भएको छ । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै उपकुलपति प्रा.डा. लामिछानेले, संस्कृत शिक्षालाई हेर्ने दृष्टिकोणलाई राज्यले परिवर्तन गर्नुपर्ने वताउनुभएको छ ।

सो अवसरमा ८३ जना शिक्षक, कर्मचारीलाई दीर्घसेवा पदकबाट सम्मान गरिएको छ भने विश्वविद्यालयमा लामो समय सेवा गरी सेवा निवृत्त हुनुभएका पूर्व प्रशासक डा. हिमलाल पन्थीसहित १४ जना कर्मचारीहरुलाई सम्मान गरिएको छ ।







